# महिलाको मानवाधिकारको लागि
# अर्जेन्ट एक्सन फण्ड

**कुनै पनि आकस्मिक तथा रणनैतिक अवस्थामा संसार भरिका महिला तथा बालिकाहरुको संरक्षण गर्न यस अर्जेन्ट एक्सन फण्डले स-साना अनुदानहरु दिएर सहयोग गर्दछ ।**

## तुरुन्त प्राप्त हुने अनुदान

महिलाको मानवाधिकार विकास गर्ने मौकामा रणनैतिक कार्यान्वयनहरुलाई सहयोग पुऱ्याउन अर्जेन्ट एक्सन फण्डले तुरुन्तै स-साना अनुदान प्राप्त गराउँदछ । कहिलेकाहि यस्ता मौकाहरु आशा नगरिएका सकारात्मक वा नकारात्मक घटनाहरुले यस तो स्थिति श्रृजना गर्दछ कि जुन कार्यान्वयन गरेमा राम्रो नतिजा प्राप्त हुन सक्दछ ।

**अर्जेन्ट एक्सन फण्डले तीनवटा क्षेत्रमा अनुदान वितरण गर्दछः**

- युद्धबाट उपज भएका अवस्थाहरु, बढ्दो हिंसा अथवा राजनैतिक अस्थिर वातावरण ।
- नजीरको रुपमा खडा गराउने कानुन अथवा कानुनी कृयाहरु
- महिलाको मानवाधिकार बचाउने कार्यकर्ताहरुको संरक्षण ।

## जुनसुकै क्षेत्र भएपनि अनुदानको आवेदनहरु यी उल्लेखित बुंदाभित्र हुन जरुरी छः

**रणनीति** - पूर्व निश्चित योजनासँगै सम्बन्धित कुनै पनि कार्यहरु जसले संरचनामा परिवर्तन ल्याई महिलाको मानवाधिकार को विकास गर्दछ ।

**अपेक्षा नगरेको र आकस्मिक समय** - जुनमा कुनै पनि मौका वा अवस्था अपेक्षा गरिएको छ जसमा तुरुन्तै कार्य गरेमा असर पर्ने खालको छ ।

**दिगोपन** - त्यो समूहले आफ्नो लक्षित कार्यलाई प्रभावकारी रुपले अगाडि लान सक्छ र सो कार्यको दिगो भविष्यको लागि अनुदान प्रभावकारी बन्न सक्छ ।

**सहयोग प्राप्त** - त्यो समूहले अरु महिला मानवाधिकार संघ संस्था अथवा राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा सो सँग सम्बन्धितहरुको सहयोग गर्न सफल भएको छ ।

अर्जेन्ट एक्सन फण्डले सर्वप्रथम उपज भएको अवस्थालाई हेर्दछ र त्यसपछि सो अवस्थाको योजनाको कार्यान्वयन पक्षलाई हेर्दछ । अर्जेन्ट एक्सन फण्डको मुख्य लक्ष्य महिलाको मानवाधिकार विकास गर्ने भएता पनि यसले सहयोग पुऱ्याएका कार्यहरु विविध छन् ।

अर्जेन्ट एक्सन फण्डको संसारभरि प्रदान गरिने स-साना अनुदानहरुले छोटो अवधिको कार्यान्वयनलाई सहयोग गरेर लामो अवधिको नीतिलाई पनि मद्दत पुऱ्याउँदछ । हामीहरु अति आवश्यक आकस्मिक अनुरोधहरुलाई ७२ घण्टाभित्र जवाफ पठाउँदछौं ।

अर्जेन्ट एक्सन फण्डले मानवतावादी प्रयासहरु, साधारण कार्यक्रमहरु अथवा सम्मेलनमा व्यक्तिहरुलाई सहभागिता गराउने अनुदान दिन असमर्थ छ ।

कार्यको लागि बेइजिङ प्लेटफर्मको अनुसार अर्जेन्ट एक्सन फण्डले कुनै पनि जात जाति, धर्म, लिङ्ग, राजनैतिक अथवा अरु विचारहरु, राष्ट्रिय अथवा सामाजिक मूलको आधारमा भेदभाव नगरि सबै महिलाहरुलाई मानवाधिकार र आधारभूत स वतन्त्रताको पुरै उपयोग गर्ने कार्य गर्न संरक्षण र बढावा दिन्छ ।

# अनुदान प्राप्त गर्न कसरी आवेदन गर्ने

अर्जेन्ट एक्सन फण्डले त्यस्तो समूहलाई अनुदान दिन्छ जसको राम्रा रणनीतिहरु निर्माण भइरहेका छन् अथवा एकजुट भएका समुहहरु जसले समस्या हटाउन अथवा नयाँ मौका प्राप्त गर्न कदम चालिरहेका हुन्छन् ।

अनुदानको लागि अर्जेन्ट एक्सन फण्ड मा सिधै अथवा हामीसित सम्पर्क रहेका संस्थाहरु अथवा व्यक्तिहरु मार्फत आवेदन गरी सम्पर्क गर्न सकिन्छ । यदि निवेदनहरुमा हाम्रा सल्लाहकार, अरु दातृ संस्थाहरु अथवा महिला मानवाधिकार क्षेत्रका परिचित व्यक्तित्वहरुका सिफारिस छन् भने त्यस्ता निवेदनहरुलाई उत्तर दिन अथवा कारवाही गर्न सक्छौं । अंग्रेजी, फ्रेन्च अथवा स्पेनिस भाषामा बाहेक अरु भाषामा लेखिएका परियोजनालाई अझ बढी समय लाग्न सक्छ ।

यदि अनुदान आवेदकले अनुरोध गरेमा आवेदनको सूचनाहरुलाई गोप्य राखिने छ । अनुदानका लागि परियोजना आवेदन अर्जेन्ट एक्सन फण्डको इमेल, फ्याक्स अथवा हुलाकमार्फत बुझाउन सकिनेछ ।

**अनुदान आवेदनमा उल्लेखित बुदांहरु समावेश हुनु पर्नेछः**

## संस्था/व्यक्तिबारे जानकारी

१.आवेदन गर्ने व्यक्तिको नाम र ठेगाना (फोन/फ्याक्स/इमेल)

२.अनुदानप्रति उत्तरदायित्व हुने समूहको नाम तथा ठेगाना
(फोन/फ्याक्स/इमेल)

३. कृपया संस्थाको उद्देश्य र मुख्य कार्यक्षेत्र उल्लेख गर्नुहोस् ।

४.कृपया समुहमा कार्यरत महिलाहरुको संख्या र उनीहरुको पदियभार उल्लेख गर्नुहोस् । (यदि छ भने)

५.कृपया तपाईंहरुको उल्लेखित कार्यमा अरु समुहहरु सम्मिलित भए नाम र कार्यभार उल्लेख गर्नुहोस (यदि छ भने)

६.कृपया तपाईंहरुको कामलाई सिफारिस गर्ने संस्थाहरु, दातृसंस्थाहरु अथवा साथीहरुको नाम र सम्पर्क ठेगाना उल्लेख गर्नुहोस् ।

७.तपाईंले अर्जेन्ट एक्सन फण्डबारे कसरी थाहा पाउनु भयो ?

## अवस्था

८. कुन घटनाले गर्दा तपाईंलाई यो कार्य गर्न जरुरी देखियो ? यो घटना कहिले घट्यो ?

९. के यो अवस्था बारे पूर्व जानकारी थियो ?

१०. यो अवस्थाले कसरी महिलाको मानवाधिकार विकास गर्ने मौका प्रदान गर्छ ?

## आकस्मिक कार्य

११. कृपया यो अवस्था बारे गरिने कार्यहरुलाई उल्लेख गर्नुहोस् ।

१२. यो कार्य गर्न किन अति जरुरी छ । (अनुदानहरु किन
यही समयमा नै उपलब्ध हुन पऱ्यो ?

१३. कुनै पनि क्षेत्र र संसार भरीनै महिलाको अधिकार विकास गर्न यो अनुदान ले कसरी विस्तृत नीतिलाई सहयोग पुऱ्याउँदछ ?

१४. यसमा सम्मिलित समूहहरुले उल्लेखित कार्यहरुलाई अगाडि लैजाने र भविष्यमा पनि यस कार्यलाई उकास्दै लैजाने सार्मथ्य भएको कुरालाई तपाईं कसरी देखाउन सक्नुहुन्छ ?

१५. अनुदान माग गरेको रकम कति हो ?

१६. यो अनुदान कसरी उपयोग गर्नुहुन्छ ? कृपया सम्भव भए बजेट उल्लेख गर्नुहोस ।

१७. यस प्रयासका लागि अरु सहयोगका श्रोतहरु के के छन् ?

१८. के यो आवेदनको जानकारी गोप्य राखिनु पर्छ ?

# अनुदानका नमुनाहरु

## युद्धबाट उपज भएका अवस्थाहरु, बढ्दो हिंसा अथवा नाजुक राजनैतिक वातावरणहरु

**Women in solidarity in Haiti (SOFA)**
**एकतामा महिलाहरु हैटिमा** (**सोफा**)

सन १९९८ मा पोर्ट-अउ-प्रिसंमा चुनावको अगाडि एक नराम्रो वातावरणको सृजना भयो । सोफा र अमेरिकास्थित माड्रेद्वारा सन् १९९६ मा स्थापित क्लिनिक फान्म नामक महिला स्वास्थ्य चौकी जहाँ कू को कारणबाट वलात्कार भएका एवं विभिन्न प्रकारका राजनैतिक दवावबाट पीडित भएका महिलाहरुलाई सेवा पुऱ्याउने काम हुन्थ्यो । त्यहाँ हातहतियारयुक्त वर्दिमा रहेका हैटियन प्रहरीहरुले हमला गरे । प्रहरीहरुले औषधिको ओसारपसारमा हातहतियारहरु पनि अवैध तरिकाले भित्र्याइएको आरोपमा खानतलासी गरेको भन्ने कुरा गरे । त्यतिवेला कुनै पनि हतियार फेला परेन तर उनीहरुले स्वास्थ्यचौकी र त्यसमा कार्यरत कर्मचारीहरु र साथै छिमेकी महिलाहरुलाई पनि बन्दुकको धारमा त्रसित तुल्याए । यस क्षेत्रमा महिलाहरुलाई परिचालन गरेर न्यायको व्यवस्था कायम गऱ्यो । स्वास्थ्य चौकी खोल्नको लागि सोफालाई यस फण्डले अनुदानको व्यवस्था गऱ्यो । स्वास्थ्य चौकी फेरि खोल्नको लागि र ति प्रहरीहरुलाई जवाफदेही तुल्याउन गरिएको अभियानले हैटीमा पुन: महिला मानव अधिकार आन्दोलनले इज्जत र बल प्राप्त गरेको छ ।

**Institute For Women's Leadership (IWL)**
**Philippines**
**महिलाहरुको नेतृत्वको लागि संस्था** (आई.डब्लु.एल.)
**फिलिपिन्स**

मिनडानाओको टापुमा सरकारी फौजहरु र मोरो इस्लामिक लिवरेशन फ्रन्टवीचको बढ्दो युद्धबारे सचेत गराउन तीस जना महिलाहरुले महिला नेताहरुको मिन्डानाओ परिषद गठन गरे जसमा शान्तिका लागि “महिलाको आँखाबाट शान्तिलाई हेर” भन्ने नारा शुरु गरे । यस संस्थाका सदस्यहरुले दुवै पक्षका नेताहरुलाई भेटी सैनिक कारवाहीलाई बन्द गर्न अनुरोध गरे । मोरो इस्लामिक लिवरेशन फ्रन्टको संयोजकत्वमा महिलाहरुको नेतृत्वको लागि संस्था (आई.डब्लु.एल.) लाई प्राप्त भएको अनुदानले दुई हप्ता भित्र थालिएका महिलाको सहभागिताको लागि वकालत र सवै क्षेत्रमा शान्तिको खोजीमा महिलाहरको दृष्टिकोणलाई अपनाउन मद्दत पुऱ्यायो । महिलाद्वारा शान्तिको लागि निभाइएका मुख्य भूमिकालाई कदर गर्दै फिलिपिन्सका नयाँ राष्ट्रपतिबाट मोरो इस्लामिक लिवरेशन फ्रन्टका सभापतिलाई मिल्फ सँगै शान्तिको प्रयास गरिरहेको सरकारी समूहमा नियूक्ति गरियो ।

**WILPF/ Women's Forum - Sierra Leone**
**विल्पफ/महिलामञ्च – सियरा लिओन**

सन् अक्टोवर १९९९ मा संयुक्त राष्ट्रका शान्ति सेनाहरु शान्ति कायम गर्ने सम्झौतालाई सहयोग र अनुगमन गर्न सियर ालिओन गए । शान्ति स्वतन्त्रताको लागि अन्तर्राष्ट्रिय महिलामञ्च विल्पफ र सियरालिओनका सामाजिक कार्यकर्ताहरुको खोजीले त्यहाँ कार्यरत सिपाहीहरुलाई लैङ्गिक भेदभाव विरुद्ध र युद्धमा संलग्न भएका बालबालिकाबारे तालीम दिने व्यवस्था नभएको अवगत गराए । यही कुरालाई अगाडि बढाएर विल्पफले शान्ति सेना कार्यकारिणी विभाग सँगै पहिलो संझौता गऱ्यो । जस अनुसार गैर सरकारी संस्थाहरुले संयुक्त राष्ट्र संघका टोलीहरुलाई लैङ्गिक भेदभावबारे तालिम दिन मद्दत गर्ने निर्णय गऱ्यो । यसै अनुसार शान्ति सेना परिचालन विभागले आफ्नो “ब्लु हेल्मेट हैण्डवुक” मा विल्पफले निकालेको निर्देशिकालाई समावेश गर्न मञ्जुर गऱ्यो ।

## नजीर स्थापित गरिने कानुन अथवा कानूनी कार्य

**Center for Women War Victims - Croatia**
**युद्धबाट पीडित महिलाहरुको लागि केन्द्र – क्रोसिया**

महिला अधिकार सम्बन्धी कार्य गर्ने पाँचवटा समूहहरुले टेलिभिजनद्वारा क्रोसियामा युद्ध भएपछि बढेका घरायसी हिंसाहरुको बारेमा गरेको प्रस्तुतीलाई लिएर एक पत्रकारले सरकारी पत्रिकामा उनीहरुलाई देशद्रोही, बोक्सीहरु र सर्वहरुप्रति सहानुभूति राख्ने भनेर दोष लगायो । यस केन्द्रले फण्डबाट प्राप्त अनुदानको मद्दतले सो पत्रिका र पत्रकार विरुद्ध कानुनी मुद्दा दायर गऱ्यो । जुन बाल्कान क्षेत्रमा त्यस किसिमको पहिलो कानुनी मुद्दा थियो र साथमा सो केन्द्रले यसै अनुदानबाट सञ्चार

माध्यम हुने लिङ्ग विभेद बारे सर्वसाधारणलाई सचेत गराउन कदम चाल्यो जसको फलस्वरुप महिला विरुद्ध हुने हिंसाले पहिला भन्दा धेरै नै सञ्चारमा ध्यानाकर्षण पायो । सामाजिक कार्यकर्ताहरुले सो कुरालाई क्रोशियन पत्रकारको संस्था समक्ष पुऱ्यायो । जसको न्यायलयले सो पत्रकार र पत्रिकालाई दोषी ठहऱ्यायो ।

**International Federation of Women Lawyers (FIDA) - Anambra, Nigeria**
**महिला वकिलहरुको अन्तर्राष्ट्रिय संस्था (फिडा) - अनाम्ब्रा, नाइजेरिया**

सन् २००० मा सरकारी कर्मचारीहरुले अकस्मात महिला व्यापारीहरुको पसललाई भत्काई त्यहाँ एउटा भवन खडा गर्न शुरु गऱ्यो । तिनीहरुको यस प्रकृयाले त्यहाँ भएका महिलाहरु जसमा धेरै विधवा तथा उनीहरुको छोराछोरी थिए, उनीहरुको जिविकोपार्जनको एउटै मात्र श्रोतलाई नष्ट गर्ने अवस्था सिर्जना भयो । जव ति महिलाहरुले विरोध गरे तब उनीहरु लगायत उनीहरुका सहयोगी अरु महिलाहरुलाई पनि लगेर थुनियो । फिडा, नाइजेरियाले अर्जेन्ट एक्सन फण्डबाट प्राप्त अनुदानको सहयोगले एउटा जुलुस र सरकारी कार्यालय अगाडि सात दिनसम्म धर्ना कार्यक्रमको आयोजना गऱ्यो । यसै साथमा उनीहरुले एउटा मुद्दा दायर गर्नुको साथै सर्व साधारणलाई सचेत गराउने कार्यक्रम गरे । अहिले ती व्यापारी महिलाले पसल राख्ने ठाउँको कानुनी अधिकारलाई सुरक्षित गरी आ-आफ्नो पसल फिर्ता पाए । ती कुराले ती महिलाहरुलाई आफ्नो अधिकारको लागि शान्तिपूर्ण ढंगले खोजेमा सकारात्मक नतिजा आउने कुरा प्रष्ट पारेको छ ।

**Caribbean Association for Feminist Research and Action (CAFRA) – Trinidad and Tobago**
**महिलावादी अनुसन्धान र कार्यको लागि कैरिबियन संस्था (कैफ्रा) ट्रिनिडेड र टोवागो**

सन् १९९८ मा यस फण्डको सहयोगमा कैफ्रा वकिलहरुले एक ट्रिनेडेडियन महिलामाथि लगाइएको हत्याको आरोप र त्यसको मृत्युदण्डको सजाँयलाई ती महिला हिंसाद्वारा पिडित महिला भएको आधारमा सो मुद्दालाई पुनरावलोक गरिदिन मानवअधिकारका लागि खडा भएको इन्टर अमेरिकन-कमिशनमा अपिल गरे । ६ वटा वच्चाकी आमा ती बादी महिलालाई एघार बर्ष सम्म आफ्नो लोग्नेले यातना दिएको थियो । मानवअधिकारको लागि खडा भएको इन्टर अमेरिकन कमिशनको निर्णयमा ट्रिनिडेड र टोवागो न्यायलयले सो मुद्दालाई पुनरावलोकन गर्न मञ्जुर गऱ्यो । जब न्यायलयले बेलायतका एक प्रमुख अधिकारीको बयान खोज्यो तब कैफराले सो व्यक्तिलाई न्यायलयमा उपस्थित गराउन आकस्मिक अनुदानको निवेदन गऱ्यो । न्यायलयले सो महिला माथिको मृत्युदण्डलाई खारेज गऱ्यो । हिंसाबाट पीडित महिला भएको आधारमा लगएको हत्याको आरोप ट्रिनिडेड र टोवागोमा हटाइएको यो पहिलो सफल अपिल थियो ।

## महिलाको मानवाधिकार बचाउ गर्ने कार्यकर्ताको सुरक्षा

महिलाको मानवाधिकार अन्तर्गत कार्य गर्ने व्यक्ति वा समूहहरु कहिले काहीं डर र हिंसाको शिकार हुन पुग्छन् । अर्जेन्ट एक्सन फण्डले यस क्षेत्रमा सुरक्षा बढाउन अथवा सामाजिक कार्यकर्ताहरु र तिनीहरुका बच्चा बच्चीलाई यातायात तथा यातायातको लागि चाहिने कागजातको सुविधाको लागि अनुदान दिएको छ । सुरक्षाको लागि मागिने अनुदान हामीले थाहा पाएका संस्था मार्फत आउनु पर्दछ । यस्ता अनुदान बढी संवेदनशील हुने हुनाले यसका विस्तृत विवरणहरु गोप्य राखिन्छन् ।


**Urgent Action Fund**
3100 Arapahoe Ave, Suite 201
Boulder, CO 80303 USA
फोन - 1-303-442-2388
फ्याक्स - 1-303-442-2370
इमेल - urgentact@urgentactionfund.org
वेभसाइट: http://www.urgentactionfund.org